बैठक नं : १३

आज मिति २०७७ साल असाढ ०९ गते दिउँसो १ :०० वजे भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्तीज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा वैठक वसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| क.सं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | श्री भावना भण्डारी | नगर उप-प्रमुख | |
| ३ | श्री दिपक राना | अध्यक्ष वडा नं.-१ | |
| ४ | श्री कालि वहादुर वली | अध्यक्ष वडा नं.-२ | |
| ५ | श्री लिला वहादुर शाह | अध्यक्ष वडा नं.-३ | |
| ६ | श्री खम्व जंग शाह | अध्यक्ष वडा नं.-४ | |
| ७ | श्री श्याम लाल जैसी | अध्यक्ष वडा नं.-५ | |
| ८ | श्री शसिराम वुढा | अध्यक्ष वडा नं.-६ | |
| ९ | श्री चन्द्र वहादुर शाही | अध्यक्ष वडा नं.-७ | |
| १० | श्री कर्ण बहादुर कार्की | अध्यक्ष वडा नं.-८ | |
| ११ | श्री धुव प्रसाद पौडेल | अध्यक्ष वडा नं.-९ | |
| १२ | श्री ठगेन्द्र बहादुर राना | अध्यक्ष वडा नं.-१० | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | अध्यक्ष वडा नं.-११ | |
| १४ | श्री निम वहादुर भनारी | अध्यक्ष वडा नं.-१२ | |
| १५ | श्री गोपाल वहादुर वटाला | अध्यक्ष वडा नं.-१३ | |
| १६ | श्री पार्वती वि.क. | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री मनकला नेपाली | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री विन्दु शाही | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री सृजना वि.क. | नगर कार्यपालिका सदस्य | |
| २० | श्री विर वहादुर वादी | नगर कार्यपालिका सदस्य | |
| २१ | श्री मिना पुन | नगर कार्यपालिका सदस्य | |
| २२ | श्री भद्रकला डाँगी | नगर कार्यपालिका सदस्य | |
| २३ | श्री रति नेपाली | नगर कार्यपालिका सदस्य | |
| २४ | श्री दल बहादुर घर्ती | प्रमुख प्रशासकिय अधिकृत | |
| | | आमन्त्रित | |
| १. | प्रकाश कुमार शाही | कानुन अधिकृत | |
| २. | राजेन्द्र बहादुर कठायत | लेखापाल | |
| ३. | | | |
| ४. | | | |

Scanned with CamScanner

निर्णयहरु :

१. छिमेकी देश भारतबाट अतिक्रमण गरिएको कालापानी, लिपुलेक र लिम्पियाधुरा सहित समग्र भुभाग समेटिएको नेपाल सरकारवाट जारी राजनीतिक र प्रशासनिक नवशा मुलुकको निशाना छापमा अङ्कित गर्नका लागि संघीय संसदवाट नेपालको संविधान संशोधन प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको सुखद अवसरमा संघीय संसद र नेपाल सरकारप्रति उच्च सम्मान व्यक्त गर्दै सम्पूर्ण नेपालीहरुलाई हार्दिक बधाई ज्ञापन गर्ने ।

२. उप प्रमुख भावना भण्डारीले नगरसभामा प्रस्तुत गर्ने आ.व. २०७७७८ को प्रस्तावित नीति, कार्यक्रम तथा वजेट स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

३. भेरी नगरपालिकाको आगामी आ.व.२०७७/७८ को आन्तरिक राजस्व संकलनकालागि तर्जुमा गरिएको अर्थ विधेयक, २०७७ र आ.व.२०७७/७८ मा संचित कोषवाट वजेट खर्च गर्नका लागि वजेट तर्जुमा समितिको सिफारिश सहित पेश हुन आएको विनियोजन विधेयक, २०७६ स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

४. यस नगर कार्यपालिकाको कार्यालयमा कार्यरत तपशिलमा उल्लेखित अस्थायी करार कर्मचारीहरुको दरवन्दी अनुमोदन तथा म्याद थपका लागि नगरसभामा पेश गर्ने ।

| क्र.स | नामथर | पद | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | प्रकाश कुमार शाही | कानुन अधिकृत | कानून न्याय तथा मानव अधिकार प्रवर्धन शाखा | अस्थायी |
| २ | नवराज शर्मा | इन्जिनियर | प्रमुख - प्राविधिक शाखा | करार |
| ३ | सुर्य प्रसाद लम्साल | सूचना प्रविधि अधिकृत | सूचना तथा प्रविधि शाखा | करार |
| ४ | रश्मी राई | रोजगार संयोजक | रोजगार शाखा | करार |
| ५ | पवन खत्री | सव इन्जिनियर | प्राविधिक शाखा | करार |
| ६ | सरोज वली | एम आई एस अपरेटर | पंजीकरण शाखा | करार |
| ७ | पवन शर्मा | एम आई एस अपरेटर | पंजीकरण शाखा | करार |
| ८ | रेनुका थापा पुन | फिल्ड सहायक | पंजीकरण शाखा | करार |
| ९ | राजेन्द्र विवश पुन | स्वकिय सचिव | नगर प्रमुखको सचिवालय | करार |
| १० | प्रचण्ड जंग शाह | वरिष्ट सामाजिक परिचालक | ४ नं वडा कार्यालय | करार |
| ११ | भरत कुमार शर्मा | खरिदार | आन्तरिक राजस्व उप–शाखा | अस्थायी |
| १२ | विरेन्द्र सिल घर्ती | खरिदार | वडा सचिव (१३) | अस्थायी |
| १३ | गोरख बहादुर शाही | खरिदार | लेखा सहायक (७) | करार |
| १४ | केशव राज पुन | अमिन | नक्सापास उपशाखा | करार |
| १५ | देव बहादुर घर्ती | असिस्टेन्ट सव इन्जिनियर | प्राविधिक शाखा | अस्थायी |
| १६ | धन बहादुर थापा | असिस्टेन्ट सव इन्जिनियर | प्राविधिक शाखा | करार |
| १७ | विष्णु बहादुर रोकाय | असिस्टेन्ट सव इन्जिनियर | प्राविधिक शाखा | करार |
| १८ | सृजना कुमारी चौधरी | सामाजिक परिचालक | वडा न. ११ | करार |
| १९ | रमेश जंग शाह | सामाजिक परिचालक | फोहरमैला व्यवस्थापन तथा सरसफाई–उपशाखा | करार |
| | चन्द्रमाया घर्ती | अ. सब इन्जिनियर | प्राविधिक शाखा | करार |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| २० | शर्मिला घर्ती | सामाजिक परिचालक | प्रशासन शाखा | करार |
| २१ | लाल बहादुर कार्की | सामाजिक परिचालक | वडा नं ९ | करार |
| २२ | शेर बहादुर अधिकारी | हल्का सवारी चालक | सवारी | करार |
| २३ | विष्णु वली | हेभी सवारी चालक | व्याक हो लोडर | करार |
| २४ | कृष्ण वहादुर शाही | सवारी चालक | ट्याक्टर | करार |
| २५ | प्रेम बहादुर खत्री | का.स. | भान्से (नगर प्रमुख) | करार |
| २६ | गोपाल महतारा | का.स. | १० नं वडा कार्यालय | करार |
| २७ | सावित्रि शाही | का.स. | का.स. | करार |
| २८ | सविना नेपाली | का.स. | का.स. | करार |
| २९ | डिल वहादुर पुन | का.स. | २ नं वडा कार्यालय | अस्थायी |
| ३० | विमला शाही | का.स. | ४ नं वडा कार्यालय | करार |
| ३१ | नरेश कुमार नेपाली | का.स. | नगर कार्यालय | करार |
| ३२ | राम वहादुर नेपाली | का.स. | नगर कार्यालय | करार |
| ३३ | कमल महतरा | का.स. | नगर कार्यालय | करार |
| ३४ | धरम चन्द | का.स. | ८ नं वडा कार्यालय | करार |
| ३५ | कमलराज घर्ती | का.स. | ९ न वडा कार्यालय | करार |
| ३६ | मान वहादुर शाही | का स. | ५ नं वडा कार्यालय | करार |
| ३७ | निरज गाईन | का.स. | १२ नं वडा कार्यालय | करार |
| ३८ | प्रेम नेपाली | का.स. | १३ नं वडा कार्यालय | करार |
| ३९ | सरस्वती खड्का | का.स. | नगर कार्यालय | करार |
| ४० | दर्मा राना | का.स. | १ नं.वडा कार्यालय | करार |
| ४१ | रुपा खड्का | का.स. | नगर कार्यालय | करार |
| ४२ | धरम वहादुर थापा | का.स. | नगर कार्यालय | करार |
| ४३ | सन्तोस शाही | सह चालक | ट्याक्टर | करार |
| ४४ | वल वहादुर घर्ती | सह चालक | व्याक हो लोडर | करार |
| **स्वास्थ्य सेवातर्फः** | | | | |
| ४५ | शुमिलन शाह | अ.न.मि. | स्वास्थ्य चौकी बाहुनथाना | करार । |
| ४६ | रत्ना खड्का | अ.न.मि. | स्वास्थ्य चौकी बाहुनथाना | करार । |
| ४७ | पशुपति पुन मगर | अ.न.मि. | स्वास्थ्य चौकी बाहुनथाना | करार । |
| ४८ | जगत खड्का | का.स. | स्वास्थ्य चौकी बाहुनथाना | करार । |
| ४९ | अनिता के.सी. | का.स. | स्वास्थ्य चौकी बाहुनथाना | करार । |
| ५० | रुपा घर्ती मगर | ल्या.अ. | स्वास्थ्य चौकी कुदु वडा नं. | करार |
| ५१ | सपना गिरी | अ.न.मि. | स्वास्थ्य चौकी कुदु वडा नं. | करार । |
| ५२ | पवित्रा गिरी | अ.न.मि. | स्वास्थ्य चौकी कुदु वडा न. | करार । |
| ५३ | सुनिता बुढा | का.स | स्वास्थ्य चौकी कुदु वडा नं. | करार |
| ५४ | विमला चन्द | अ.न.मि. | स्वास्थ्य चौकी जगतिपुर वडा | करार । |
| ५५ | भावना चन्द | अ.न.मि. | स्वास्थ्य चौकी जगतिपुर वडा | करार । |
| ५६ | देवि वर कामि | का.स. | स्वास्थ्य चौकी जगतिपुर वडा | करार |
| ५७ | करिश्मा पुन मगर | ल्या.अ. | स्वास्थ्य चौकी पुन्मा वडा न. | करार |
| ५८ | रन्जिता खड्का | अ.न.मि. | स्वास्थ्य चौकी पुन्मा वडा नं. | करार । |
| ५९ | भिम बहादुर शाहि | का.स. | स्वास्थ्य चौकी पुन्मा वडा नं | करार |
| ६० | पम्फा शाहि | का.स. | स्वास्थ्य चौकी पुन्मा वडा नं. | करार |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ६१ | कौशिला राना | अ.न.मि. | स्वास्थ्य चौकी भूर वडा नं. ९ | करार |
| ६२ | कालिका शर्मा | का.स. | स्वास्थ्य चौकी भूर वडा नं. ९ | करार |
| ६३ | जय बहादुर चनारा | ल्या.अ. | स्वास्थ्य चौकी भूर वडा नं. ९ | करार |
| ६४ | कौशिला चन्द | अ.न.मि. | स्वास्थ्य चौकी भूर वडा नं. ९ | करार |
| ६५ | हरिकला रोकाय | का.स. | स्वास्थ्य चौकी भूर वडा नं. ९ | करार |
| ६६ | सन्दिपा राना | अ.हे.ब. | आधारभुत स्वास्थ्य सेवा केन्द्र | करार |
| ६७ | भगवति सुनार | अ.न.मि. | आधारभुत स्वास्थ्य सेवा केन्द्र | करार |
| ६८ | सविना वलि | हे.अ. | आधारभुत स्वास्थ्य सेवा केन्द्र | करार |
| ६९ | प्रमिला चन्द | अ.न.मि. | आधारभुत स्वास्थ्य सेवा केन्द्र | करार |
| ७० | सुनिता घती मगर | हे.अ. | आधारभुत स्वास्थ्य सेवा केन्द्र | करार |
| ७१ | सुरक्षा थापा (घर्ती) | अ.न.मि. | आधारभुत स्वास्थ्य सेवा केन्द्र | करार |
| ७२ | दशासन शाहि | अ.हे.ब | आधारभुत स्वास्थ्य सेवा केन्द्र | करार |
| ७३ | कल्पना चन्द | अ.न.मि. | आधारभुत स्वास्थ्य सेवा केन्द्र | करार |
| ७४ | घन बहादुर पुन मगर | हे.अ. | आधारभुत स्वास्थ्य सेवा केन्द्र | करार |
| ७५ | शिवा शाहि | अ.न.मि. | आधारभुत स्वास्थ्य सेवा केन्द्र | करार |
| ७५ | करण शाहि | हे.अ. | आधारभुत स्वास्थ्य सेवा केन्द्र | करार |
| ७७ | विष्णु राना | अ.हे.ब | आधारभुत स्वास्थ्य सेवा केन्द्र | करार |
| ७८ | दुर्गा थापा | हे.अ. | आधारभुत स्वास्थ्य सेवा केन्द्र | करार |
| ७९ | शुलोचना चन्द | अ.न.मि | आधारभुत स्वास्थ्य सेवा केन्द्र | करार |
| ८० | लक्ष्मी घर्ती | सामाजिक परिचालक | बहुक्षेत्रीय पोषण कार्यक्रम | करार |
| ८१ | प्रविन नेपाली | मानसिक स्वास्थ्य कार्यकर्ता | | करार |

५. केही वडा कार्यालयका आफ्नै भवन नभई सेवा प्रवाह गर्न ज्यादै समस्या देखिएकोले घर भाडामा लिई सेवा प्रदान गरिरहेका वडाहरुमा आवश्यक स्रोत जुटाई कार्यालय भवन निर्माण गर्न नगरसभामा प्रस्ताव पेश गर्न सिफारिस गर्ने ।

६. यस नगरपालिको बजार क्षेत्रमा सडक बत्तीको व्यवस्था नभई रातीको समयमा आवागमनमा र अपराधिक गतिविधि नियन्त्रणमा समस्या देखिएकोले नेपाल सरकार, कर्णाली प्रदेश सरकार तथा अन्य दातृ निकायसंगको समन्वयमा स्रोतको खोजी गरी वडा नं. ४ को शान्तिचौतारा बसपार्क देखि थाप्ले, रिम्ना, कुदु र स्याउली बजारमा सौर्य बत्ती जडान गर्न नगरसभामा सिफारिस गरी पठाउने ।

७. यस नगरपालिकाको वडा नं ६ मा पर्ने घाग्रेखोला वर्षायाममा ठुलो भई आवागमनमा बर्षेनी समस्या भोगी रहनु पर्ने भएकोले ट्रायल ब्रीज सपोर्ट युनिट, बीरेन्द्रनगरसंग समन्वय गरी पुल निर्माण गर्न स्वीकृतिका लागि नगरसभामा पेश गर्ने ।

८. नगर कार्यपालिकाको कार्यालयको जिम्मेवारी, यसको भूमिका र सेवा प्रवाह प्रणालीलाई अझ बढी सुदृढ, चुस्त र प्रभावकारी बनाउन कार्यालयको संगठन विकास अध्ययन O&M study गराई कार्यान्वयन गर्ने र सोको लागि आवश्यक बजेट सेवा परामर्शमा विनियोजित बजेटबाट व्यहोर्ने ।

९. **सहरी शासकीय** क्षमता विकास कार्यक्रम अन्तर्गत प्राप्त हुने बजेटबाट डिजाईन लागत ईष्टिमेटका आधारमा तर्पासिलमा **उल्लेखित योजना** तथा कार्यक्रमहरु **नगर गौरवका योजनाहरुको** रुपमा कार्यान्वयन गर्न स्वीकृतिका लागि नगर सभामा पेश गर्ने:

क. मालिका क्षेत्र पर्यटन प्रवर्दन वडा नं. ६

ख. पाईला एफ एम देखि स्वास्थ्य सेवा कार्यालयसम्म पक्की सडक निर्माण

Scanned with CamScanner

ग. तल्लो थाप्ले बसपार्क विस्तार, निर्माण
घ. गैरीखाली देखि नेटीबजार मछाईना सडक निर्माण
ङ. खलंगा बृहत खानेपानी योजना
च. आँखा अस्पताल स्थापना तथा संचालन
छ. डाफ्क कभर्ड हल निर्माण वडा नं. ५
ज. पिपे बेरालेख डिंगा सडक निर्माण
झ. ठाँटी देखि दरवारसम्म पद मार्ग निर्माण वडा नं. ३
ञ. बुदबुदी वनस्पति उध्यान निर्माण वडा नं. २ र ४
ट. बबेरा देखि रूपकोट मिथेग्रा सडक निर्माण
ठ. कुदु बृहत खानेपानी वडा नं. १३
ड. भुरचौर लिफ्ट खानेपानी वडा नं. १०
ढ. सभा भवन निर्माण कुदु
ण. खलंगा बजार क्षेत्र ढल व्यवस्थापन वडा नं. ३ र ४
त. बायु घट्ट पाथी हाल्न देखि नेटी बजार सडक
थ. बाल उद्यान निर्माण वडा नं.४ गैरीखाली

१०. गत नगरसभाबाट व्यवसाय करबाट असुल भएको जम्मा रकमको २० प्रतिशतले हुन आउने रकम उद्यम व्यवसाय प्रवर्द्धनमा खर्च गर्ने गरी उद्योग वाणिज्य संघ जाजरकोटलाई उपलब्ध गराउने भनी निर्णय भएकोले सो बमोजिमको रकम उपलब्ध गराउने र आगामी आर्थिक वर्षमा पनि उक्त निर्णयलाई निरन्तरता दिन स्वीकृतिका लागि नगरसभामा पेश गर्ने ।

११. मालपोत कार्यालय जाजरकोटबाट जग्गा रजिष्ट्रेशन शुल्क बापत यस नगरपालिकालाई प्राप्त हुने रकममध्येबाट मालपोत कार्यालयको राजश्व सुदृढिकरणका लागि रकम उपलब्ध गराईदिन प्रस्तावना सहित अनुरोध भई आएकोमा कानूनी प्रावधान बमोजिम रकम उपलब्ध गराउन स्वीकृतिका लागि नगरसभामा पेश गर्ने ।

१२. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ का कारण व्यवसायीहरुको आम्दानीमा नकारात्मक असर परेकोले उद्योगी व्यवसायीहरुले चालु आ.व. २०७६/०७७ मा तिर्नु पर्ने बार्षिक कर रकममा बन्दाबन्दीको समयावधी (३ महिना) को कर छुट गर्न स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

१३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरु आ.व. २०७७।७८ मा संचालन गर्न स्वीकृतिका लागि नगरसभामा पेश गर्ने ।

| क. सं. | आयोजनाको नाम | वडा नं. |
|---|---|---|
| १ | वडाकार्यालय देखी डौडी डाडासम्मको सडक निर्माण | १ |
| २ | रिसाङ्ग खोला स्लाप वृज निर्माण | २ |
| ३ | त्रिवेणी देखी गगने खोला हुँदै ठाटी जनस्वास्थ भवन जोडने बाटो निमार्ण | ३ |
| ४ | धल्ला शिवमन्दीर निर्माण तथा घेरावार | ४ |
| ५ | इबर देखी खहरे खोला सम्म सडकको नालतथा स्तर उन्नती | ५ |
| ६ | लक्ष्मी मा.वि. देखि कल्लाबारी खेत हुँदै मसानघाट सम्मको कृषि सडक निर्माण | ६ |
| ७ | स्याउली बजार देखी भ्याल हाल्ना, बाल ज्योती प्रा वी हुँदै गोगनपानी सम्म सडक निर्माण | ७ |
| ८ | स्याउली, सरस्वती मा. वि सम्म सडक स्तर उन्नती | ७ |
| ९ | शिव मन्दिर निर्माण तथा घेरा बार | ८ |
| १० | कालाभुर दिपेन्द्र मा वि देखी घोरनेटा बासकोट सम्म सडक निर्माण | ९ |
| ११ | माछापानी मुहान संरक्षण तथा प्रतीक्षालय निर्माण | १० |

Scanned with CamScanner

| | | |
|---|---|---|
| १२ | दुर्गा आधारभुत विधालय भवन मर्मत, शौचालय, चौतारा निर्माण | ११ |
| १३ | मैन चौरदेखी बिष्णे चौर हुदै मालुमेला सम्म गोरेटो बाटो निर्माण | १२ |
| १४ | साली बिसौनी चौतारा निर्माण | १२ |
| १५ | कुदु वरपिपल हुदै झोलुङ्गे सम्म सम्म सडक निर्माण र झोलुङ्गे पुल किनारमा प्रतीक्षालय निर्माण | १३ |

१४. यस चालु आ.व. २०७७।७८ मा कर्णाली प्रदेश सरकारबाट मुख्य मन्त्री रोजगार कार्यक्रमका लागि प्राप्त बजेटबाट वडा न.६ को मछाईना देखि मालिका मन्दिरसम्म जाने बाटो तथा बिभिन्न पूर्वाधार निर्माण गर्न स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

१५. यसै चालु आ.व. देखि प्रत्येक जिल्लामा एक उद्योग ग्राम स्थापना गर्ने नेपाल सरकारको नीति अनुसार संभाव्यता अध्ययन तथा अन्य प्रक्रिया शुरु गर्न यस नगरपालिकाको वडा नं. १३ स्थित डाँगीमारे क्षेत्रलाई तोक्न नगरसभामा पेश गर्ने ।

१६. कोभिड १९. को महामारी रोकथाम तथा नियन्त्रणका लागि अतिरिक्त व्ययभार व्यहोर्नु परिरहेको तथा बन्दाबन्दी (लकडाउन) का कारण नेपाल सरकाको राजश्व असुलीमा असर परी संघीय सरकारबाट राजश्व बाँडफाँड बापत यस नगरपालिकाले रु १० करोड ३ लाख प्राप्त गर्नु पर्नेमा २०७६ बैशाखसम्म रु ५ करोड ८६ लाख मात्र निकासा भएको र कोभिड १९. को महामारी नियन्त्रणका सन्दर्भमा खर्च दायित्व बढी भुक्तानी दायित्व सिर्जना भएको तथा अन्य नियमित कार्य संचालनमा समेत समस्या देखिएकोले चालु आ.व. को विनियोजन ऐन, २०७६ को दफा २ संग सम्बन्धित अनुसूची १ (ख) को पूर्वाधार विकास कार्यकमतर्फ समपुरक अनुदानमा रु ३ करोड विनियोजन भएको रकममध्ये विपद व्यवस्थापन कोषमा रु १ करोड रकमान्तर गरी खर्च लेख्न विनियोजन ऐन, २०७६ संशोधनको लागि नगर सभामा पेश गर्ने ।

१७. यस नगरपालिकाको कार्यालय तथा वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगिहरु तथा सरसफाईमा कार्यरत कर्मचारीहरु (हेल्पर)ले खाई पाई आएको तलव सुविधा ज्यादै न्यून भई जीवन धान्न समेत समस्या परेकोले नियमानुसार पाउने न्यूनतम स्केल मासिक रु १९,४८०/- उन्नाईस हजार चार सय असी आगामि आ.व. २०७८ साउन १ गते देखि लागु हुने गरी वृद्धि गर्न स्वीकृतिका लागि नगरसभामा पेश गर्ने ।

१८. विश्व महामारीको रुपमा फैलिएको कोभिड १९. को संक्रमण रोकथाम नियन्त्रणका लागि नेपाल सरकारबाट गरिएको बन्दाबन्दी (लकडाउन) का कारण सिर्जना भएको बिषम परिस्थितिका नगरपालिकाले व्यहोर्नु परेको २०७६ जेष्ठ मसान्तसम्मको अतिरिक्त खर्च रकम रु. १ करोड २८ लाख बजेट अनुमोदनका लागि नगरसभामा पेश गर्ने ।

१९. चालु आ.व.२०७६ को श्रावण १ गते देखि जेष्ठ मसान्तसम्म नगर कार्यपालिकाबाट प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्ने क्रममा भए गरेका सम्पुर्ण निर्णयहरु अनुमोदन गर्न नगर सभामा पेश गर्ने ।

२०. महालेखा परीक्षकको आ.व.०७५/७६ को बार्षिक लेखा परिक्षण प्रतिवेदन अनुमोदनका लागि नगर सभामा पेश गर्ने ।

२१. नगर क्षेत्रभित्रका सबै वस्ति तथा वडाहरू भौगोलिक रूपमा विकट रहेका र विद्यालय जाने उमेरका बालबालिकाहरूलाई शिक्षाको अवसरबाट बन्चित हुन नपरोस् भन्ने उद्देश्यले खुलेका विद्यालयहरूमा आवश्यकता अनुसार शिक्षक दरबन्दी नभएको र शिक्षकबिना विद्यालयबाट गुणस्तरीय शिक्षाको परिकल्पना समेत गर्न नसकिने भएकोले दरबन्दी हुँदै नभएका र पर्याप्त दरबन्दी नभएका विद्यालयहरूमा न्यूनतम रूपमा योग्य शिक्षकको व्यवस्था गर्न अर्को व्यवस्था नभए सम्मको लागि नगरपालिकाको स्रोतबाट तलब व्यहोर्ने गरी मा.वि. स्तर (९-१०) स्तरमा ८ जना र आधारभुत (१-५) स्तरमा ९ जना, आधारभुत (६-८) स्तरमा २१ जना गरी जम्मा रु. ३८ जना स्वयं सेवक शिक्षकको अस्थायी दरबन्दी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

Scanned with CamScanner

२२. नगरको समग्र विकासका लागि महत्वपूर्ण रहेका र निर्माण सम्पन्न नभएका देहाय बमोजिमका अधुरा तथा अपुरा योजनाहरु नेपाल सरकार, कर्णाली प्रदेश सरकार तथा अन्य साझेदार निकायसंग समन्वय तथा सहकार्य गरी स्रोत सुनिश्चित भएमा निर्माण गर्ने गरी स्वीकृतिका लागि नगरसभामा पेश गर्ने ।

तपसिल:

| क्र स | आयोजनाको नाम | वडा नं. |
|---|---|---|
| १ | रानागाँउ पाखेदह नेटीबजार सडक खण्ड ASDP कार्यालयसंग साझेदारीमा कालो पत्रे गर्ने | ६ |
| २ | फारुला तिलिंग सडक निर्माण | २ |
| ३ | राडसि तिमिले डिंगा सडक | २ |
| ४ | रावतगाउँ खाली डोरीकाँडा सडक | १ |
| ५ | जिल्ला प्रशासन जाने बाटो देखि गणेश मन्दिर सम्मको सडक | ३ |
| ६ | कोटखोला देखि भातगाँडा स्याँला नाउली सडक | २ |
| ७ | विप्नेचौर लिफ्ट सिंचाई | १२ |
| ८ | झाला हाल्न देखि दोकान सडक | ७ |
| ९ | जगतिपुर वडा कार्यालय देखि स्याँलापाखा | ११ |
| १० | करती मध्यपहाडी मदाइने सिमल सडक | ९ |
| ११ | नेटीबजार आरीडाव साहुपाख्रा गाँडेवाँज सडक | ६ |
| १२ | भुरचौर स्याउली भेरेखर्क खडक | १०, ७, ६ |
| १३ | पुन्मा सामुदायिक सिकाई केन्द्र | ७ |
| १४ | माझमेला खोला खर्क तल्लो महिरीगाँउ खानेपानी आयोजना | ७ |
| १५ | तरबरे मुहान हुदै बडावल साल्टाकुरी, गहिरी कुम्द सिचाई आयोजना | ६ |
| १६ | सातमुले, सतीडाँडा सिचाई | ५ |
| १७ | राराखेत आधामौरा सतिडाँडा तट्बन्धन | ५ |
| १८ | तिनगारे साड्टा पुल निर्माण | २ |
| १९ | रावतगाँउ कोलचौर खाली रिटापानी डौरीकाँडा बरालेक मोटरबाटो | १ |
| २० | सत्सङ्ग भवनको घेराबार र भण्डारण घर निर्माण | ६ |
| २१ | जाजरकोट कपडा तथा सिलाई व्यवसायी संघ जाजरकोट | |
| २२ | शिव सिस्नो पाउडर उद्योग | २ |
| २३ | पाँचकाटिया सिस्नो कृषि सहकारी संस्था लिमिटेड | १ |
| २४ | जनसेवा टेलर्स सिलाई कटाई तालिम | ४ |
| २५ | साँधेखोला मध्य पहाडी मछाईना हुदै गरुलेलीसम्म सडकखण्ड | ११ |
| २६ | खानेपानी ट्याङ्की निर्माण मछाईना | ११ |
| २७ | साँधेखोला बुधबुधी सिचाई योजना | ११ |
| २८ | स्यालापानी देखी सालचौर सिचाई योजना | ११ |
| २९ | भैरव कालिका मन्दिर निर्माण | ६ |
| ३० | जोगिनीगैरा देखी डाँडाखर्क सम्म पक्की पोखरी निर्माण | ६ |
| ३१ | पुराना गाँउ देखी तल्लो डाँडागाँउ खानेपानी निर्माण | ६ |
| ३२ | भेरेखर्क खानेपानी निर्माण | ६ |
| ३३ | भोटेखोला देखी पयाखर्क खानेपानी निर्माण | ६ |
| ३४ | पुन मन्दिरको पहिरो नियन्त्रण दह टोल | ६ |
| ३५ | ठुलो खोला पहिरो नियन्त्रण डाँडाखर्क | ६ |

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | ६ |
| ३६ | खेल मैदान निर्माण भेरे | ६ |
| ३७ | मालिका अर्गनिक एग्रो प्रा.ली अनुदान | |
| ३८ | नेपाल रेडक्रस सोसाईटीसंग भे.न.पा.को विभिन्न साझेदारी कार्यक्रम | ४ |
| ३९ | मुनाल एकल महिला समुहको क्रमागत भवन निर्माण | |
| ४० | हिमाली महिला बचत तथा ऋण सहकारी संस्थालाई तालिम संचालन | ४ |
| ४१ | गैरीखाली देखी पानी ट्ङकीसम्म सडक निर्माण | ६ |
| ४२ | ठुला चारदेखी चिमेली डुङ्गासम्म खानेपनी निर्माण | ७ |
| ४३ | स्याउली बजार खोला नियन्त्रणका लागि जाली व्यवस्थापन | ४ |
| ४४ | घरेलु उद्योग कार्यालय देखि सिर्जना टोलसम्मको बाटो निर्माण | ४ |
| ४५ | फल्लेनी देखी बारकाल्ने मटेला सानो पुलसम्म खानेपानी मर्मत | |
| ४६ | श्री सृजनासिल महिला सहकारीलाई पशु पंछी पालनका लागि तालिम | |
| ४७ | श्री कृष्ण महिला कुखुरा पालन समुहलाई कुखुरा पालन सम्बन्धी तालिम | ५ |
| ४८ | ईब्र कृषि सडकखण्ड साझेदारीमा निर्माण | ३ |
| ४९ | बधशाला निर्माण | १० |
| ५० | जाजरकोट सामुदायीक प्रतिष्ठान निर्माण | ४ |
| ५१ | पल्लो हलेदे देखि बुदबुदी हुँदै खलंगा खानेपानी योजना निर्माण | |

२३. आगामि आ.व. २०७७।०७८ मा नगरपालिकालाई उपलब्ध बजेट सिलिङ्गभित्र समेट्न नसकिएका तर खलंगा सदरमुकाम संरक्षणका लागि अति जरुरी भएका देहाय बमोजिमका योजनाहरुमा बजेट बिनियोजनका लागि नेपाल सरकारसंग अनुरोध गर्ने ।

क. वडा न.. ३ को बाग्लुंग होटल देखि सिटीजन बैंक सम्मको पहिरो नियन्त्रण
ख. वडा नं. ३ स्वास्थ्य सेवा कार्यालय मुनि कालेगाउँ जाने सडकखण्डको पहिरो नियन्त्रण
ग. वडा नं. ४ को खहरे खोला देखि भेरी प्रावि सम्मको पहिरो नियन्त्रण
घ. वडा नं. ४ को गैरीखाली देखि कोटखोला सडक खण्डको पहिरो नियन्त्रण
ङ. वडा न. ४ को कृष्ण मल्लको घर नजिकको पहिरो नियन्त्रण
च. वडा नं. ४ को भेलाले पहिरो नियन्त्रण

२४. प्रधानमन्त्री तथा मन्त्री परिषदको सचिवालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयको प्राप्त पत्रानुसार यूवा तथा वालवालिकाहरुमा समाजसेवा तथा राष्ट्रभक्तिको भावना जागृत गर्नका लागि यस भेरी नगरपालिकाका सबै मा.वि. हरुमा आवश्यक बजेट व्यवस्था गरी स्काउट कार्यक्रम संचालन गर्ने ।

२५. बेरोजगार युवाहरुका लागि व्यवासयिक शिक्षा तथा तालिम परिषद (CTEVT) तथा संघीय सरकार तथा प्रदेश सरकारको साझेदारीमा विभिन्न किसिमका सीपमुलक तथा रोजगारमुलक तालिमहरु संचालन गर्ने ।

२६. नगरपालिकाको प्रशासकीयक भवन निर्माण भईरहेको स्थानमा पर्याप्त जग्गा नभएकोले भवन निर्माणमा समस्या भएको हुँदा त्रिमावि तथा जिल्ला अस्पताल जाने सार्वजनिक बाटो कायम रहेको जग्गा समेत प्रयोग गरी भवन निर्माण गरिएकाले थाप्लेचौर बसपार्कबाट लक्ष्मी शाही, राजुराजा सिंहको घर हुँदै त्रिमावि, डिभिजन वन कार्यालय र जिल्ला अस्पताल आउन जान समस्या परेकोले उक्त सार्वजनिक बाटोको सट्टा निर्माणाधिन भवनको दक्षिण, नगरपालिकाको पुरानो भवनको दक्षिण (पछाडी) लक्ष्मी शाही, राजुराजा सिंहको घर अगाडीबाट नगरपालिकाको नाममा रहेको जग्गाबाट कित्ताकाट गरी न्यूनतम ३ मिटरको बाटो कायम गर्ने ।

Scanned with CamScanner

२७. अतिआवश्यक देखिएका निम्न योजनाहरु यस आ.व.को विपद व्यवस्थापन कोषवाट खर्च लेख्नेगरी चालु आ.व.मा नै सम्पन्न गर्ने ।

(क) तिनगार सांगटामा काठेपुल निर्माण वडा नं.१,२ र ३

(ख) रिसांग खा.पा.मा १६५ एम.एम.को १५० मिटर एच.डि.पी.ई पाईप उपलव्ध गराउने ।

२८. लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७६ ~~स्वीकृत गर्ने~~ । र जोड नागरिक परिचय पत्र कार्यविधि 2066 स्वीकृत गर्ने ।

२९. अन्तमा, आ.व. २०७७/७८ को बजेट तर्जुमाकालागि मार्गदर्शन तथा स्रोत उपलब्ध गराउने नेपाल सरकार, कर्णाली प्रदेश सरकार, जिल्ला समन्वय समिति, सल्लाह सुझाव प्रदान गर्ने राजनीतिक दल, नागरिक समाज, बिकास साझेदार संस्थाका प्रमुख तथा प्रतिनिधि, कार्यपालिका परिवार, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू प्रति आभार प्रकट गर्दै हार्दिक धन्यवाद प्रकट गर्ने ।

Scanned with CamScanner